बैठक संख्याः ३९
मितिः २०८१।०७।०४

आज मिति २०८१।०७।०४ गते गुराँस गाउँपालिकाको ३९औं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री टोप बहादुर बि.सी ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरुमा छलफल गरि देहायका निर्णयहरु पारित गरियो।

तपसिलः

| | |
|---|---|
| १. श्री टोप बहादुर बि.सी | - गाउँपालिका अध्यक्ष |
| २. श्री शिवा कुमारी खड्का | - गाउँपालिका उपाध्यक्ष |
| ३. श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा नं. १ |
| ४. श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा नं. २ |
| ५. श्री काँशिराम शर्मा | - वडा अध्यक्ष वडा नं. ३ |
| ६. श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा नं. ४ |
| ७. श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा नं. ५ |
| ८. श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा नं. ६ |
| ९. श्री नन्द बहादुर बि.सी | - वडा अध्यक्ष वडा नं. ७ |
| १०. श्री दीपेन्द्र वली | - वडा अध्यक्ष वडा नं. ८ |
| ११. श्री अमृता कुमारी बि.सी | - सदस्य |
| १२. श्री विर्मा वि.क | - सदस्य |
| १३. श्री कुलविर वि.क | - सदस्य |
| १४. श्री सम्झना कुमारी बुढा | - सदस्य |
| १५. श्री पम्फी वि.क | - सदस्य |
| १६. श्री भुमिसरा वली | - सदस्य |
| १७. श्री दिल बहादुर पौडेल | - सचिव, प्रमुख प्रशासकीय अधिकृत |

सहयोगी कर्मचारी

| | |
|---|---|
| १. श्री दिनेश दाहाल | - आर्थिक प्रशासन शाखा |
| २. श्री यज्ञ बहादुर कार्की | - भौतिक पुर्वाधार विकास शाखा |
| ३. श्री मदन प्रकाश मल्ल | - प्रशासन तथा योजना शाखा |
| ४. श्री पुर्ण बहादुर वली | - अध्यक्ष सचिवालय |

बैठकका प्रस्तावहरुः

१. अघिल्लो बैठक र असोज महिनाको कार्यसम्पादन समिक्षा सम्बन्धमा।

२. पहिलो त्रैमासिक अवधिको प्रगति विवरण तथा आय व्यय विवरण सम्बन्धमा।

३. दोश्रो त्रैमासिक कार्ययोजना सम्बन्धमा।

४. लिजा, FRA तथा LED को नतिजा सम्बन्धमा।

५. राजनीतिक दल, गै.स.स र निजी क्षेत्रसंगको समन्वयात्मक बैठक सम्बन्धमा।

६. ई-हाजिरको समिक्षा तथा पालिका परिसरमा भएको तोडफोड बारे आवश्यक कार्वाही सम्बन्धमा।

७. सातौं तह कायम गर्ने सम्बन्धमा।

८. कार्यविधि पारित गर्ने सम्बन्धमा।

९. विषयगत समितिको बैठक नियमित गर्ने सम्बन्धमा।

१०. गुराँस बहुमुखी क्याम्पसको प्रतिबद्दता पत्र सम्बन्धमा।

११.विविध

क) कर्मचारी विज्ञापन सम्बन्धमा।

ख) हामी बनाउछौं हाम्रो सडक भुक्तानी सम्बन्धमा।

ग) खेलाडी सहभागिता सम्बन्धमा।

घ) कार्यालय परिसरमा बगैंचा निर्माणको भुक्तानी सम्बन्धमा।

ङ) संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८० अनुसार स्वीकृत दरबन्दी बमोजिमको पद दर्ता गर्ने सम्बन्धमा।

च) पदस्थापन सम्बन्धमा ।

छ) संघीय अनुदान तर्फ शिक्षक व्यवस्थापन सम्बन्धमा।

ज) संघीय तथा प्रदेशिक कार्यालयको बजेट कार्यान्वयन सम्बन्धमा।

झ) कार्यबाहक अध्यक्षको जिम्मेवारी सम्बन्धमा।

ञ) IEE प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

# गुराँस गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### रानीमत्ता दैलेख

आ.व. ०८१।०८२ को दोश्रो त्रैमासिक कार्य योजना

| सि.नं. | विवरण | कात्तिक | मंसिर | पौष | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्रावण देखि हाल सम्म भएका निर्णयहरुको कार्यान्वयन | | | | |
| २. | प्रकासित ठेक्काहरुको मुल्यांकन, आशाय र सम्झौता | | | | |
| ३ | सार्वजनिक सुनुवाई | | | | |
| ४ | साइड क्लिर भएका योजनाहरुको ठेक्का सुचना | | | | |
| ५ | उपभोक्ता समितिबाट सम्पादन हुने योजनाहरुको समिति गठन, सम्झौता, कार्यआदेश | | | | |
| ६ | उपभोक्ता समितिलाइ कार्यक्रम र योजना सम्पन्न र फरफारक सम्बन्धी तालिम | | | | |
| ७ | योजना स्विकृत भएका तर जग्गा प्राप्ती नभएको निर्माण गर्नु पर्ने योजनाको जग्गा प्राप्ती कार्य | | | | |
| ८ | प्रकासित ठेक्काहरुको मुल्यांकन आशय र सम्झौता | | | | |
| ९ | विगत आ.व.को ठेक्का भएका योजनाहरु अन्तिम पटकका लागि कार्य सम्पन्न गर्ने गरि ताकेता | | | | |
| १० | लिजा, एफआरए, एलइडि को नतिजा | | | | |
| ११ | पालिका स्तरिय घुम्ति सिविर १ पटक | | | | |
| १२ | गत आ.व.को पेश्कि फछ्यौट, असुली प्रक्रिया | | | | |
| १३ | शिक्षा शाखाबाट तयार भएको स्थानिय पाठ्यक्रमलाइ विभागिय स्विकृत पश्चा प्रकाशन | | | | |
| १४ | नियमित भुक्तानी र सामाजिक सुरक्षा भत्ता भुक्तानी | | | | |
| १५ | हिउदे अधिवेशन (गाउँ सभा) | | | | |

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बैठकका निर्णयहरु:

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा संगल्न समिक्षा तालिका बमोजिम समिक्षा गर्दै कार्यान्वयनका चरणमा रहेका र कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। साथै, अघिल्लो बैठकका निर्णयहरुको कार्यन्वयनको अवस्था विश्लेषण गरि यसै पृष्ठको अघिल्लो पृष्ठमा संलग्न राख्ने तथा कार्यालय तथा वडा तर्फका कर्मचारीको कार्यसम्पादन मुल्याङ्कनका रुपमा निर्णय कार्यान्वयन तालिकालाई आधार बनाउने निर्णय गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक प्रशासन शाखाबाट पेश भएको पहिलो त्रैमासिक आय रु.१३,२१,१७,७१०.८७।- र व्यय रु.९,५०,०२,११४.९२।- रहेको संलग्न आय व्यव विवरण बैठकमा पेश भई पारित गर्ने तथा सम्बन्धित मन्त्रालयमा प्रतिवेदन पठाउने निर्णय गरियो । साथै, यस अवधिमा तलब भत्ता शीर्षकको खर्च सम्बन्धमा आएका सुझाव तथा प्रतिकृयालाई आगामी बैठकमा थप छलफल गर्ने निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृत ज्यूले पेश गर्नु भएको आ.व. २०८१/८२ को संलग्न दोस्रो त्रैमासिक कार्ययोजना मासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने गरि पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८०/८१ को लिजा, FRA तथा LED को प्रारम्भिक नतिजा आगामी कात्तिक मसान्त सम्म तयार गरि कार्यपालिकाको मंसिर महिनाको नियमित बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गुराँस गाउँपालिकाका विभिन्न विषयमा छलफल गर्दै सहकार्य र समन्वय अभिवृद्दी गर्ने उद्देश्यका साथ सकृय राजनीतिक दल, गैर सहकारी संस्था र निजी क्षेत्रसँगको समन्वयात्मक बैठक २०८१ कार्तिक महिना भित्र आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा पालिका र अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा विद्यालयहरुमा यस आ.व देखि विद्युतिय हाजिरी अनिवार्य लागु गर्ने भनि गाउँसभाले निर्णय गरेकोमा उक्त निर्णयको कार्यान्वयन नभएको पाईएकाले विधुतिय हाजिरको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने

दिल बहादुर पंडित
प्रमुख प्रशासकीय अधिकृत

दीप बहादुर वि.सी.
अध्यक्ष

सम्बन्धमा आवश्यक जाँचबुझ गरी ७ (सात) दिन भित्र सुझाव सहित प्रतिवेदन पेश गर्न देहायको संयोजक र सदस्यहरु सम्मिलित ३ (तीन) सदस्यीय जाँचबुझ समिति गठन गर्ने र प्राप्त सुझावका आधारमा आगामी कार्यपालिका बैठकबाट आवश्यक निर्णय लिने निर्णय गरियो । साथै जाँझबुझ समितिको प्रतिवेदन प्राप्त भई आवश्यक निर्णय नहुँदा सम्म कुनै पनि कर्मचारी, शिक्षक तथा जनप्रतिनिधि समेतको तलब भत्ता/सेवा सुविधा निकासा नदिने निर्णय गरियो।

तपसिल

| | |
|---|---|
| १. श्री काँशीराम शर्मा | - संयोजक |
| २. श्री दिपेन्द्र ओली | - सदस्य |
| ३. श्री चन्द्र बहादुर राना | - सदस्य |

साथै, कार्यालय परिसरमा रहेका गमला तथा विद्युतिय हाजिरी तोडफोड गर्ने सहायक पाँचौं श्री उर्वसी रेग्मीलाई २ पटक स्पष्टिकरण सोधिएकोमा चित्त बुझ्दो जवाफ नआएको हुँदा कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ तथा प्रचलित कानून बमोजिम हदै सम्मको कारवाही प्रक्रिया अगाडी बढाउने र अर्को निर्णय नहुँदा सम्म निलम्बन सहित आवश्यक कार्यवाही लागि जिल्ला प्रशासन कार्यालय, दैलेखमा लेखि पठाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गुराँस गाउँपालिकामा कार्यरत प्रशासन अधिकृत छैठौं श्री मदन प्रकाश मल्ल (क.सं.नं.२२८६४१), लेखा अधिकृत छैठौं श्री दिनेश दाहाल (क.सं.नं.२३६९०१) र इन्जिनियर छैठौं श्री यज्ञ बहादुर कार्की (क.सं.नं.२३७९५१) लाई कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा १ र ४ मा व्यवस्था भए बमोजिम मिति २०७७ साल फागुन ६ गते देखि जेष्ठता कायम हुने गरी अधिकृतस्तर सातौं तह कायम गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णली प्रदेशमा पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा देहायका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो।

१. सुनौला हजार दिन उपाध्यक्षले भेट्नेछिन कार्यक्रम संचालन कार्यविधि, २०८१

२. जेष्ठ नागरिक दिर्घरोगी घरदैलो स्वास्थ्य परिक्षण कार्यक्रम कार्यविधि, २०८१

३. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा एवं कोष परिचालन) सम्बन्धी कार्यविधि, २०८१

४. मानसिक स्वास्थ्य वीमा सेवा तथा अन्य सुविधा सम्बन्धि कार्यविधि, २०८१

५. लैंगिक तथा यौनिक अल्पसंख्यक सहयोग तथा आत्मनिर्भर कार्यक्रम कार्यविधि, २०८१

६. गुराँस खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि, २०८१

७. गुराँस गाउँपालिकाको सार्वजनिक जवाफदेहिता सम्वन्धि कार्यविधि - २०८१

दिल बहादुर दोडेल
प्रमुख प्रशासकीय अधिकृत

...ए बहादुर वि.सी.
अध्यक्ष

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा विषयगत समितिलाई थप कृयाशिल बनाउने हरेक कार्यपालिका बैठक भन्दा अगावै अनिवार्य बैठक बसि कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्ने निर्णय गरियो।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा गुराँस बहुमुखी क्याम्पस, गुराँस - ३ पातिकान्लाको प्रतिबद्दता पत्र पुर्वाञ्चाल विश्वविधालयमा पठाउने प्रयोजनका लागि क्याम्पस सञ्चालन समिति र स्थानीय सरकार बिच सम्झौता गर्ने निर्णय गरियो।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दाः

क) शसर्त अनुदान जि टु जि कार्यक्रम अन्तर्गत कामकाज गर्ने गरि ३ (तीन) जना अ.हे.ब. (चौथौं) विज्ञापन गर्ने तथा यस अघि निर्णय भई विज्ञापन हुन बाँकी पदहरुमा समेत एकमुष्ठ विज्ञापन गर्ने निर्णय गरियो।

ख) गुराँस गाउँपालिका अन्तर्गतका सडकहरु मर्मत गाउँपालिकाको ब्याक हो लोडरबाट गराउँदा मर्मत कार्यस्थल सम्म पुग्न लाग्ने इन्धन तथा मेसिन लागत प्राविधिक बिल मार्फत भुक्तानी गर्न असहज भएको हुदा उपरोक्त मर्मत कार्यको भुक्तानी मेसिनको लगबुकका आधारमा गर्ने निर्णय गरियो।

ग) खेलकुद विकास समिति भगवतीमाई गाउँपालिका दैलेखले आयोजना गर्न लागेको अन्तरपालिका खुला पुरुष भलिबल प्रतियोगिता २०८१ मा यस गाउँपालिकाको प्रतिनिधित्व गर्दै सहभागी हुने समूहलाई सम्झौताका आधारमा रु १ लाख आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

घ) गुराँस गाउँकार्यापालिकाको कार्यालय परिसरमा निर्माण भएको बगैंचा र वाल निर्माण कार्यको सम्झौता तथा प्राविधिक बिलका आधारमा LISP साझेदारी शीर्षकमा विनियोजित रकम मध्य पालिका तर्फको साझेदारी बजेटबाट भुक्तानी गर्ने निर्णय गरियो।

ङ) संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८० अनुसार स्वीकृत दरबन्दी बमोजिमको पद प्रदेश कर्मचारी अभिलेखालयमा दर्ता गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश सुर्खेतलाई जानकारी दिने निर्णय गरियो।

च) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको विभिन्न मितिको निर्णयबाट यस गाउँपालिकामा कामकाजमा खटिई आएका कर्मचारीहरुको पंदस्थापन गुराँस गाउँपालिकामा गर्ने साथै उक्त व्यवस्थाका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश, सुर्खेतमा लेखि पठाउने अघिल्लो बैठकको निर्णय बदर गर्ने तथा कामकाजका लागि यस गाउँपालिकामा खटिई आएका सम्पूर्ण

टोप बहादुर वि.सी.
अध्यक्ष

कर्मचारीहरुलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम सम्बन्धित स्थानीय तहमा फिर्ता गर्ने निर्णय गरियो ।

छ) आ.व. २०८१/८२ को लागि संघीय अनुदान तर्फको शिर्षकबाट थप शिक्षकहरु व्यवस्थापन गर्न सकिने छलफल भए बमोजिम आवश्यक निर्णयका लागि शिक्षा समितिलाई जिम्मेवारी दिने निर्णय गरियो।

ज) गुराँस गाउँपालिकाको लागि विनियोजित संघीय तथा प्रादेशिक कार्यालयबाट कार्यान्वयन हुने बजेट तथा कार्यक्रमको सम्झौताका लागि ढिलासुस्ति भएको एवमं आवेदन पेश गर्न छुटेको केहि वडा अध्यक्षज्यूहरुको गुनासो प्राप्त भएको हुँदा सम्बन्धित कार्यालयमा पत्राचार गर्ने तथा सरोकारवाला शाखालाई समेत जिम्मेवार बनाउने निर्णय गरियो।

झ) ई.स. २०२४, अक्टोबर २७ देखि अक्टोबर ३० सम्म मित्र राष्ट्र चीनको बेईजिङमा आयोजना हुँदै गरेको १०औं एसिया प्यासिफिक रिजनल मिटिङ्ग मा नेपालको प्रतिनिधित्व गर्दै सहभागी हुन अध्यक्षज्यू लाई निमन्त्रणा प्राप्त भएको हुँदा उक्त अवधिभर यस गाउँपालिकाको कार्यावाहक अध्यक्षको रुपमा उपाध्यक्ष लाई जिम्मेवारी दिने निर्णय गरियो।

ञ) आ.व २०८१/८२ का लागि गुराँस गाउँपालिका भित्रका विभिन्न खोला घाटबाट दहत्तर बहत्तर उत्खनन् कार्य गर्न तयार भई पेस हुन आएको IEE प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

अन्त्यमा, गुराँस गाउँकार्यपालिकाको ३९औं बैठक १६ जना कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा माथी उल्लेखित एजेण्डाहरु उपर गहन छलफल गरि, सर्वसम्मत रुपमा निर्णयमा पुग्दै अत्यन्त सौहार्द रुपमा सम्पन्न भई, बैठकमा उपस्थित कार्यपालिका सदस्यज्युहरुलाई आवास, खाना, खाजा तथा यातायातको व्यवस्थापनको लागि कार्यालयलाई जिम्मेवारी दिंदै अध्यक्षज्युबाट समापनको जानकारी भयो।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

... बहादुर वि.सी.
अध्यक्ष